# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८० कार्तिक १ गते देखि २०८० साल पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
ईमेल: ito.ribdikot@gmail.com

२०८० माघ

# २०८० साल  कार्तिक १ गते देखि २०८० साल पौष मसान्त सम्म सम्पादित मुख्य क्रियाकलापहरु


प्रकाशक : रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सूचना तथा प्रविधि शाखा

वेवसाइट : www.ribdikotmun.gov.np

ई-मेल ठेगाना : ito.ribdikot@gmail.com
mail.ribdikotmun.gov.np

सम्पर्क नं : 9857078307, 9760870079

फेसबुक पेज : www.facebook.com/ribdikotmun

प्रकाशन : २०८० माघ ४

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी प्रदेश, नेपाल स्था २०७३

## विषयसूची


१. गाउँपालिकाको परिचय ........ १

क) निकायको स्वरुप र प्रकृति........ १

ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार........ २

ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा........ २

घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी ........ ३

ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि........ ३

च) निर्णय गर्ने प्रकृति र अधिकार........ ३

छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी........ ४

ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी........ ४

झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण........ ४

ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण........ ४

ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण........ ४

ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि........ ४

ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय........ ४

ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण........ ४

ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था........ ५

- क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ ........ ५
- ख) स्वास्थ्य संस्थाहरु तर्फ........ ६
- ग) विभिन्न कार्यक्रम तर्फ........ ६

२. आ.ब २०८०।०८१ मा शाखागत रुपमा भए/गरेका कार्यको दोस्रो त्रैमासिक प्रतिवेदन

क) सेवा प्रशासन तथा सुशासन तर्फ........ ६

ख) आर्थिक प्रशासन शाखा........ ७

ग) कृषि र पशु विकास तर्फ ........ ७

घ) स्वास्थ्य सेवा तर्फ ........ ८

ङ) आर्युवेद तर्फ........ ८

च) पूर्वाधार तर्फ ........ ९

छ) शिक्षा युवा तथा खेलकूल तर्फ ........ ९

ज) सहकारी तर्फ........ १०

झ) सामाजिक सुरक्षा तर्फ ........ १०

ञ) महिला तथा बालबालिका विकास तर्फ........ १०

ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ........................................................................................................१०
ठ) लघु उद्यम तर्फ.....................................................................................................................................११
ड) म बनाउँछु मेरो रिब्दीकोट अभियान ......................................................................................................११
ढ) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन ......................................................................११
ण) न्यायिक कार्य सम्पादन तर्फ ..................................................................................................................११

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी प्रदेश, नेपाल स्था २०७३

## १. गाउँपालिकाको परिचय:

रिब्दीकोट गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अवस्थित छ। नेपाल सरकारले संविधानको भावना र मर्मअनुरसार तोकिएका अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारका रुपमा र केन्द्र सरकारको विकल्प नभै सहअस्तित्व सहसम्बन्धका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले अधिकार, स्रोत सहित ७४४ स्थानीय तहका रुपमा परिस्करण गर्ने सिलसिलामा साविकका ८ वटा गाउँ विकास समिती ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गाविसलाई मिलाएर दिगो एकाईका रुपमा विकास गर्ने गरी रिब्दीकोट गाउँपालिका गठन भएको हामी सबैको ठहर छ। रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या १८,७७० रहेको छ। यसको क्षेत्रफल १२४.५५ वर्ग कि.मी. रहेको छ। यसको सिमाना पूर्वमा तानसेन नगरपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन्।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठूलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभीन्न चाडपर्व तथा जात्रा मनाउने गरिन्छ। तिज, दशै, तिहार, माघेसक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ। साथै यहाँको सराय नाच, फागु नाच, लाखे नाच,झ्याउरे, देउसी भैलो र ठुलो नाच आदिले गर्दा सास्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुर्याएको मान्न सकिन्छ।

### क) निकायको स्वरुप र प्रकृति:

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान संभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो। यसले कार्यपालिकीय, विधायिकी र न्यायिक कार्य गर्दछ। जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँसभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ।

### ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:

नेपालको संविधान धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।

सुदिप पौडेल
सूचना अधिकारी अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरु सम्पादन गर्ने।

**ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना , आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिचाई, गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने।

**घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी :**

| | | |
|---|---|---|
| शिक्षा शाखा | : | अधिकृत आठौं मणि प्रसाद खनाल |
| आर्थिक प्रशासन शाखा | : | साहायक पाचौ टिकाराम बश्याल |
| प्रशासन शाखा | : | अधिकृत छैठौं रुकलाल भट्टराई |
| योजना शाखा | : | अधिकृत छैठौ काशीनाथ आचार्य |
| स्वास्थ्य शाखा | : | जनस्वास्थ्य निरीक्षक सुनिल अधिकारी |
| सूचना प्रविधि शाखा | : | सूचना प्रविधि अधिकृत सुदिप पौडेल |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | : | रोजगार संयोजक दुर्गा पछाई |
| सामाजिक सुरक्षा/पञ्जीकरण/महिला तथा बालबालिका शाखा | : | एम.आइ.एस अपरेटर सिर्जना नेपाल |
| राजश्व तथा जिन्सी शाखा | : | कम्प्युटर अपरेटर कमल श्रीस |
| पशु शाखा | : | सहायक पाँचौ गीता नेपाली |
| आ.ले.प शाखा | : | |
| कृषि शाखा | : | कृषि अधिकृत प्रज्ञा लाम्टाङ्गे |
| सहकारी शाखा | : | सहायक चौथो उमा खनाल |

सुदिप पौडेल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| वडा नं. १ सचिव | : | अभिलास कुशवाहा |
| वडा नं. २ सचिव | : | हुम बहादुर बरौले |
| वडा नं. ३ सचिव | : | गणेश आचार्य |
| वडा नं. ४ सचिव | : | हिमा खड्का |
| वडा नं. ५ सचिव | : | सुमन रेश्मी |
| वडा नं. ६ सचिव | : | विष्णु बहादुर थापा |
| वडा नं. ७ सचिव | : | कमल प्रसाद ज्ञवाली |
| वडा नं. ८ सचिव | : | सुमन रेश्मी |

ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: सेवाको प्रकृति अनुसार

च) निर्णय गर्ने प्रकृति र अधिकार : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, स्थानिय सरकार कार्यपालिका, गाउँ सभा, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु।

छ) निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक, सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष

ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी :

कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत मदन अर्याल

सूचना अधिकारी : रुकलाल भट्टराई

झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण:

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरु
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरु।

ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण : वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु खेलकूद र आयोजना तर्फ सडक, खानेपानी, सिचाई आदि संचालन भएको।

ट) निकायको वेवसाइटः www.ribdikotmun.gov.np

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत



प्रमुख प्रशासकीय अधिकृत

ठ) निकायको इमेलः info@ribdikotmun.gov.np, ito.ribdikot@gmail.com

ड) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : छैन

ढ) रिब्दीकोट गाउँपालिको संचालन गरेको कार्यक्रम र सो को प्रगति विवरण : वार्षिक बजेट बमोजिम ३५ प्रतिशत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन भएको, पूँजिगत खर्च यस आर्थिक वर्षको दोस्रो त्रैमासिको अन्त्य सम्म ६.५८ प्रतिशत खर्च भएको छ।

ण) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधिः छैन।

त) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय : छ २ वटा

थ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण :

- नागरिक बडापत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम.रेडियो र पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

प्रमुख प्रशासकीय अधिकृत

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

## आ.ब २०८०।०८१ दोस्रो त्रैमासिकको शाखागत रुपमा भए/गरेका कार्यको प्रतिवेदन।

## प्रशासन शाखा

१. रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था:

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ :

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ | ० | १ | ० |
| २ | अधिकृत | ७/८ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| ३ | अधिकृत | ७/८ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ४ | अधिकृत | ७/८ औं | कृषि | १ | ० | १ | ० | ० |
| ५ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | १ | ० | ० | ० | १ |
| ६ | अधिकृत | ६ औं | प्रशासन, सा.प्र. | २ | २ | ० | २ | ० |
| ७ | ईन्जिनियर | ६ औं | इन्जिनियरिङ्ग, सिभिल | १ | ० | १ | १ | ० |
| ८ | ज.स्वा.नि. | ६ औं | स्वास्थ्य, हे.ई. | १ | १ | ० | १ | ० |
| ९ | सि.अ.न.मि. निरीक्षक | ६ औं | स्वास्थ्य, क.न. | १ | १ | ० | १ | ० |
| १० | आ.ले.प. | ५ औं | प्रशासन, लेखा | १ | ० | ० | ० | १ |
| ११ | सहायक | ५ औं | प्रशासन, सा.प्र. | ७ | ६ | ० | ६ | १ |
| १२ | कम्प्युटर अपरेटर | ५ औं | विविध | १ | १ | ० | १ | ० |
| १३ | लेखा सहायक | ५ औं | प्रशासन, लेखा | १ | ० | ० | ० | १ |
| १४ | प्रा.स. | ५ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| १५ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिङ्ग, सिभिल | ४ | २ | २ | ४ | ० |
| १६ | सहायक | ५ औं | कृषि | २ | ० | ० | ० | २ |
| १७ | पशु स्वास्थ्य प्राविधिक | ५ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| १८ | पशु सेवा प्राविधिक | ५ औं | कृषि, ला.पो.ड.डे. | १ | १ | ० | १ | ० |
| १९ | अ.सब.इन्जिनियर | ४ औं | इन्जिनियरिङ्ग, सिभिल | ६ | १ | ४ | ५ | १ |
| २० | खा.पा.स.टे. | ४/५ औं | इन्जिनियरिङ्ग, सिभिल, सेनिटरि | १ | ० | १ | १ | ० |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | स.म.वि.नि. | ४ औं | विविध | १ | ० | ० | ० | १ |
| २२ | सहायक | ४ औं | कृषि | १ | ० | १ | १ | ० |
| २३ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ | ० | १ | १ | ० |
| २४ | ना.प.से.प्रा. | ४ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | १ | १ | ० |
| २५ | सहायक | ४ औं | प्रशासन, सा.प्र. | ५ | १ | १ | २ | ३ |
| जम्मा | | | | ४५ | २२ | १३ | ३५ | १० |

## ख) स्वास्थ्य संस्थाहरु तर्फ:

| क्र.स | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ औं | स्वास्थ्य | १ | १ | ० | १ | ० |
| २ | हेल्थ असिष्टेन्ट | ५ औं | स्वास्थ्य हे.ई. | ८ | ४ | ४ | ८ | ० |
| ३ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य क.न. | १ | १ | ० | १ | ० |
| ४ | कविराज | ५ औं | स्वास्थ्य आयुर्वेद | १ | १ | ० | १ | ० |
| ५ | अ.हे.व. | ४ औं | स्वास्थ्य हे.ई. | १७ | ६ | ११ | १६ | १ |
| ६ | अ.न.मि. | ४ औं | स्वास्थ्य क.न. | १७ | १६ | १ | १७ | ० |
| ७ | ल्याव असिष्टेन्ट | ४ औं | स्वास्थ्य ज.मे.ल्या.टे. | १ | १ | ० | १ | ० |
| ८ | वैद्य | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | ० | १ | १ | ० |

## ग) विभिन्न कार्यक्रम तर्फ:

| क्र.सं. | पद | दरबन्दी | करार पूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | १ | ० |
| २ | रोजगार संयोजक | १ | १ | ० |
| ३ | प्राविधिक सहायक | १ | १ | ० |
| ४ | रोजगार सहायक | १ | १ | ० |
| ५ | एम.आइ.एस. अपरेटर | १ | १ | ० |

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
निस्दी गाउँपालिका
छ्यप्पली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| ६ | फिल्ड सहायक | १ | १ | ० |
| ७ | उद्यम विकास सहजकर्ता | १ | १ | ० |

## सेवा प्रवाह तथा सुशासन तर्फः

- सेवा प्रवाहमा जनताको सहज पहूच कायम गर्नका लागि वडा नं ७ को मैनादी, ८ नं वडाको फेक र ६ नं वडाको ढुस्टुंगमा एकीकृत घुम्ती शिविर सम्पन्न भएको छ।
- जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उधोग कार्यालयको समन्वयमा बजार अनुगमन कार्य निरन्तर गरिएको छ।
- सेवाग्राहीलाई तातो चिसो शुद्ध खानेपानीको व्यवस्था गरिएको छ।
- कृषि सूचना प्रवाहका लागि इ-चौतारीको निरन्तरता कायम।
- सेवा प्रवाहमा सेवाग्राही मैत्री बनाउन पहल भइरहेको छ।
- गाउँपालिकाको परिसरलाइ सेवाग्राहीमैत्री बनाइएको छ।
- भुक्तानी तर्फ नगदरहित EFT System लाइ प्रोत्साहित गरिएको छ र राजश्व भुक्तानीलाइ समेत नगदरहित QR Code मा लगी पारदर्शी बनाइएको छ ।
- गाउँपालिकामा थप कर्मचारी नियुक्त गरी कार्यसम्पादन प्रभावकारी गरिएको।
- गाउँपालिकाको सभाहललाई आकर्षक र व्यवस्थित बनाइएको छ।र

## सूचना प्रविधि शाखा तर्फ

- गाउँपालिको आफनै लोगो लेटरहेड तथा कामकाजमा प्रयोगमा ल्याइएको।
- निजि क्षेत्रको सर्भरमा रहेको पालिकाको विभिन्न सफट्वेयरहरु नेपाल सरकारको Government Cloud मा स्थानतरण गरि सूचना प्रविधि विभाग सँग सम्झौता गरिएको।
- कार्यालयको हाजिरी सिस्टमलाई सूचना प्रविधि विभागको केन्द्रिकृत हाजिरी प्रणालीमा आबद्ध गरि इ–हाजिरी प्रणाली सुरुवात गरिएको।
- राजश्व भुक्तानीलाई नगद रहित बनाउने उदेश्यले गाउँपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट QR Based मा आधारित भुक्तानी प्रणाली सुरुवात गरिएको।
- स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिसा) मा ७४.२५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ६७.५ अंक प्राप्त गरि समयमै कार्य सम्पादित गरिएको।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## आर्थिक प्रशासन तर्फः

चालु आ.वा.मा (रिब्दीकोट गाउँपालिका बजेट र खर्च प्रकार)

| विनियोजित रकम रु. | | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३७,९३,४९,४४२।१२ | १३,३१,१३,८३०.११ | ३५.०९% |
| पूँजीगत तर्फ | १७,२३,११,०६८ | १,१३,३२,८७८.४२ | ६.५८% |

## राजश्व संकलन तर्फ

**चालु आवको दोस्रो त्रैमासिको अन्त्य सम्म संकलित राजश्व रकम**

| | |
|---|---|
| पालिकाबाट | रु १४ लाख ६ हजार २ सय ४६ |
| वडा न १ बाट | रु १ लाख ९१ हजार २२ रुपैयाँ |
| वडा न २ बाट | रु १ लाख ८७ हजार १ सय २३ |
| वडा न ३ बाट | रु ४ लाख १९ हजार ५ सय ३३ |
| वडा न ४ बाट | रु ३ लाख ६३ हजार ३ सय ४२ |
| वडा न ५ बाट | रु २ लाख ६८ हजार ३ सय ८५ |
| वडा न ६ बाट | रु १ लाख ९५ हजार ५ सय ४४ |
| वडा न ७ बाट | रु २ लाख ६१ हजार ३ सय ९७ |
| वडा न ८ बाट | रु २ लाख ५६ हाजर ७ सय १७ |
| **जम्मा** | **रु ३५ लाख ४९ हजार ३ सय १४** |

## कृषि र पशु विकास तर्फ

- टमाटर, काक्रा, सुन्तला, अकबरे खुर्सानी, अदुवा र बेसर मा प्रति केजी रु २ र दुधमा प्रति लिटर रु ४ दरले कृषि सहकारी वा संकलन केन्द्र मार्फत बिक्रि वितरण गर्ने किसानहरुलाई उत्पादनमा आधारित अनुदानमा रु ५० लाख बिनियोजन भएकोमा प्रस्ताव आब्हान गरि सम्झौताको चरणमा रहेको ।
- जिल्लामै पहिलो पटक ७ न वडाको मैनादीमा प्रथम सुन्तला महोत्सव भव्यताका साथ सम्पन्न गरिएको
- पाचवटा वडाका कृषकहरुको माग संकलन गरि ५०% अनुदानमा ६२,३५० के.जी. रातो आलु बिउ १,२२२ किसान १४ समूह र ३ वटा सहाकारीलाइ वितरण कार्य सम्पन्न ।
- एकिकृत घुम्ती शिविर अन्तर्गत ४ वटा वडाहरुमा ६२ कृषकलाई कृषि सेवा प्रदान गरिएको छ ।

सुदिप पौडेल

प्रमुख प्रशासकीय अधिकृत

- हाल रिब्दिकोट गाउँपालिकामा ११०० रोपनीमा अकबरे खुर्सानी रहेकोमा यस आ.व.मा २००० रोपनी क्षेत्रफलमा क्षेत्र विस्तार गर्ने लक्षका साथ सबै वडाहरुमा अकबरे खुर्सानी सम्बन्धि अभिमुखीकरण कार्यक्रम गर्ने पाल्पा रिब्दिकोट अकबरे खुर्सानी प्रसोधन उद्योगसंग समन्वयन गरि मिति २०८१/०४/०१ देखि २०८१ मंसिर मसान्त सम्मको लागि रातो खुर्सानीको न्युनतम मूल्य रु २२० कायम गरिएको।
- साना व्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम अन्तर्गत १४० रोपनी क्षेत्रफलमा तरकारी खेतीका लागि अनुदानाग्राहीसंग सम्झौता प्रक्रिया अगाडी बढाइएको छ।
- कृषि ज्ञान केन्द्र पाल्पा, कृषि सामाग्री कम्पनी लि. पाल्पार रिब्दीकोट गाउँपालिकाको समन्वयमा यस गाउँपालिकामा रासायनिक मलको कारोबार गर्दै आएका सहकारी संस्था मार्फत रासायनिक मल किसानहरुलाई उपलब्ध गराइएको छ।
- रिब्दीकोट गाउँपालिकाबाट संचालन हुने कृषि कार्यक्रमहरु बैधानिक, प्रभावकारी र पारदर्शी रुपले रुपले संन्चालन गर्न "कृषि तथा पशुपन्छी सम्बन्धी ऐन-२०७९" बमोजिम आवश्यक कार्यविधी निर्माण भएको।
- प्रांगारिक मल कारखाना स्थापनाको लागि जग्गा छनौट कार्य सम्पन्न भएको छ।
- किसान सूचीकरणका लागि १६ जना किसान सूचीकरण सहजकर्ता छनौट गरि नियुक्ति प्रदान गरिएको छ।
- एक वडा एक कृषि प्राबिधिक गाउँपालिकाको नीति अनुरुप सबै वडाहरुमा प्राविधिकको ब्यबस्था गरिएको छ।

## शिक्षा युवा तथा खेलकुद तर्फ

- १० बर्षे गाउँ शिक्षा योजना निमार्ण कार्य सम्पन्न।
- शैक्षिक सत्र २०८० मा विद्यार्थी प्रमाणीकरण कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय पाठ्क्रम निमार्णका लागि मस्यौदा तयारी।
- राष्ट्रिय शिक्षा दिवस भव्यताका साथ मनाई वि.व्य.स अध्यक्ष, प्र.अ, शिक्षक, विद्यार्थी र कर्मचारीहरूलाई सम्मान कार्यक्रम सम्पन्न।
- कक्षा १-३ को एकिकृत पाठ्यक्रम र कक्षा ५, ८ र १० को नयाँ पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सम्पन्न।
- चार वटा विद्यालयमा किशोरीहरुको रक्तअल्पता परिक्षण सम्पन्न।
- विद्यालय आयुर्वेदिक शिक्षा कार्यक्रम सम्पन्न।

## स्वास्थ्य सेवा तर्फ

- -कोभिड १९ विरुद्धको बुस्टर खोप अभियान संचालन गरि २०९८ जनालाई सुरक्षित गरिएको।
- कोभिड १९ खोपको १२५ जनाको QR कोर्ड भेरिफिकेशन गरिएको।

सुदिप पोडेल
प्रमुख प्रशासकीय अधिकृत

- स्वास्थ्य संस्थाहरुको आ.व. २०७९/२०८० को वार्षिक समिक्षा सम्पन्न गरिएको।
- पोषण, स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड, क्षयरोग कार्यक्रमहरुको समिक्षा गरिएको 1
- सबै विध्यालयहरुमा किशोरीहरुको लागि आईरन वितरण गरिएको।
- स्तनपान सप्ताह, परिवार नियोजन दिवस सबै स्वास्थ्य संस्थाहरुमा मनाई सम्पन्न गरिएको।
- असाहय दीर्घ रोगीलाई पोषण तथा यातायात सुविधा कार्यक्रम अन्तर्गत हाल सम्म ३३ जनालाई रु ६०००।- का दरले रू १ लाख ९८ हजार आर्थिक सहयोग गरिएको।
- विपन्न नागरिक औषधी उपचार कोषको लागि ६ जनालाई रु. १,००,००० को लागि सिफारिस गरिएको।
- लुम्विनी प्रदेश सरकारवाट क्यान्सर, मुटु र मृगौला रोगीहरुको लागि ३ जनालाई रु. २,००,००० को सिफारिस गरिएको।
- सबै गर्भवती महिलालाई नेपाल सरकारको प्रोटकल अनुसार गर्भ जाँच गरेकोमा पोषणका लागि अण्डा वितरण गरिएको।
- दर्शको विदामा भैरवस्थानमा भक्तजनहरूको निशुल्क स्वाथ्य परिक्षण गरिएको।
- अ ौषधी टेन्डर प्रकिया पुरा गरिएको।
- स्वस्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयनका लागि सबै स्वास्थ्य चौकी फ्लोअफ गरिएको।
- फेक स्वास्थ्य चौकीको नयाँ निर्मित भवन समुद्रघाटन गरिएको।
- विशेषज्ञ चिकित्सक सहितको ३ वटा स्वास्थ्य शिविर सम्पन्न गरिएको।

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

- वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको।
- वडागत रुपमा ७३ जनालाई १०० दिने रोजगारी प्रदानको लागि संख्या बाँडफाँड कार्य सम्पन्न भएको।
- १६ जनालाई श्रम स्वीकृति (सहजीकरण) प्रदान गरिएको।
- १ देखि ८ वडासम्मका सम्पूर्ण योजनाको उपभोक्ता समिति गठन कार्य सम्पन्न भएको।
- ७ वटा योजनाको संझौता कार्य सम्पन्न भएको।
- ७ वटा योजनाको लागत अनुमान तयार गरिएको।
- रिब्दीकोट गाउँपालिकाको रोजगार संवाद मञ्च गठन तथा संचालन कार्यविधि २०८० को ड्राफ तयार गरि कार्यपालिकामा पेश।
- प्रत्येक महिनाको प्रतिवेदन रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिएको।

## विपद व्यवस्थापन अन्तर्गत

सुदिप पौडेल

प्रमुख प्रशासकीय अधिकृत

➢ १२ घरपरिवार विपद पिडितलाई जम्मा रू ९0,000 राहत रकम वितरण गरिएको ।

➢ भूमिहिन सुकुम्वासी/दलित भूमिहिन र अव्यवस्थित सुकुमबासीहरूको ९० घर परिवारको लगत संकलन ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः

| लाभग्राही नविकरण | नयाँ दर्ता | लगत कट्टा | जम्मा कायम लाभग्राही संख्या |
|---|---|---|---|
| ३०४१ | ७१ | ३३ | ३०७९ |

**दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा तथा वितरण विवरणः**

| सामाजिक सुरक्षाको किसिम | संङ्ख्या | वितरण रकम (रु.) |
|---|---|---|
| जम्मा | ३०७९ | रू २ करोड ८८ लाख ९४ हजार ६ सय ३८ रूपैयाँ वितरण |

## घटनादर्ता विवरण

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सराई | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | आएको दर्ता संख्या | | जाने दर्ता संख्या | | जम्मा |
| ११८ | ९८ | २१६ | ६१ | ३८ | ९९ | १६ | ११३ | ४ | १४ जना | ४३ | १६१ जना | ४९१ |

## महिला विकास शाखा तर्फ

➢ संस्कृतीको जगेर्ना गर्ने उद्देश्यले हरितालिका तिजको अवसरमा गाउँपालिकास्तरीय तिज गित प्रतियोगिताको आयोजना गरी सञ्चालन गरिएको ।

➢ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा गाउँपालिका स्तरीय सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

➢ रिब्दीकोट गाउँपालिका अन्तर्गतका ग वर्गका अपाङ्गता भएका लाभग्राहीहरूलाइ आ.व ०८०/८१ प्रथम त्रैमासिकको अपाङ्गता भत्ता निकासा तथा विवरण विवरण:

| जम्मा | लाभग्राही संख्या | निकासा रकम रु. | वितरण गरेको संङ्ख्या | वितरण रकम रु. |
|---|---|---|---|---|
| | १०२ | २३६८०० | १०२ | २३६८०० |

➢ दास्रो त्रैमासिकमा ग वर्गका अपाङ्गता भत्ता निकासा गर्नका लागि निवेदन दर्ता, मृत्यु तथा बसाईसराई गरि लाभग्रहीहरूको लगत कट्टा गरि आवश्यक कार्य प्रकृया अगाडि बढाईएको ।

## सहकारी शाखा तर्फ

➢ सकृय र निष्कृय सहकारीको बारेमा जानकारी राखी सहकारी संस्थाहरुलाई नियमन र व्यबस्थापन गर्नका लागी आवश्यक विवरणहरु संकलन गरिएको ।

➢ माथिल्लो निकाय तथा मातहत कार्यालयहरुलाई माग भए बमोजिमका विवरणहरु उपलब्ध गराईएको साथै प्राप्त भएका परिपत्रहरुको बारेमा जानकारी गराईएको ।

➢ रिब्दीकोट गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सहकारी संस्थाका व्यवस्थापकहरूलाई ३ दिने सहकारी लेखा तथा वित्तिय व्यवस्थापन तालिम सञ्चालन गरिएको ।

➢ ख्याहा दुग्ध उत्पादक सहकारी संस्थाको विषय परिवर्तन गरि ख्याहा बहुउदेश्यीय सहकारी संस्था लि. गराईएको ।

## पुर्वाधार तर्फ

➢ कन्टीपोखरा देउराली वरपोखरा शान्तीचौर जोगिथुम मोटरबाटो रु 80,05,378.06 मा टेण्डर गरिएको मा टेन्डर सम्झौता भइ काम सुरु हुने अवस्थामा रहेको छ ।

➢ खौडेली खस्यौली प्रा. स्वा. केन्द्र हुदै कन्टीपोखरा सम्मो मो बा पिच र ढलान रु. 1,11,80,807.32 मा टेन्डर गरिएको मा टेन्डर सम्झौता भइ करिब २०% काम भैसकेको छ ।

➢ पालुङ्ग मैनादी हुदैँ फेक वडा भवनसम्मको मोटरबाटो स्तरउन्नती रु. 80,18,799.80 मा टेन्डर गरिएको मा टेन्डर सम्झौता भइ करिब १०% काम भैसकेको छ ।

➢ भैरवस्थान भारकोट मजुवा पोरक्नी हुदैँ वडा कार्यालय सम्म मोटरबाटो रु. 80,79,194.37 मा टेन्डर गरिएको मा टेन्डर सम्झौता भइ करिब ५% काम भैसकेको छ ।

➢ वडा न. ४ को कच्ची बाटो स्तरउन्नति को कम रु 14,99,947.50 मा टेन्डर भइ काम सम्पन भैसकेको छ ।

➢ कोहल खेल मैदान रु. 99,93,783.51 मा टेन्डर भइ कम सन्चालन भैरहेको छ ।

सुदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

➢ जलेश्वर पर्यटन प्रवर्धन को लागि रु. 1,82,78,021.48 को टेन्डर भइ सम्झौताको चरणमा रहेको छ।
➢ मैनादी स्वास्थ्य चौकी निर्माणको लागि रु . 19,96,761.25 को टेन्डर भइ सम्झौताको चरणमा रहेको छ।
➢ देवकोटा साहित्य भवन निर्माण देउराली को निर्माण रु १० लाखको सम्झौता भइ काम संचालन भइरहेको छ।
➢ कालिगढी गुँरासेडाँडा पर्यटन पर्वद्धन को लागि रु. १० लाख को सम्झैता भइ काम संचालन भइरहेको छ।
➢ वडा न. ६ को बर्घा देखि वडा जाने बाटो ढलान को लागि रु. १० लाख को सम्झैता भइ काम संचालन भइरहेको छ|

| आ.व २०८०/०८१ को दोस्रो त्रैमासिकको अन्त्य सम्म प्राबिधिक शाखा अन्तर्गतको प्रगति प्रतिबेदन | | | | |
|---|---|---|---|---|
| क्र सं | ठेक्का बिबरण | लागत अनुमान रकम | सम्झौता भएको | हाल सम्मको प्रगति |
| 1 | Upgrading of Palung Mainadi Pheka Road. | 80,18,799.80 | भएको | करिब १०% काम भएको |
| 2 | Upgrading of road from khadauli, Khaseuli PHC to Kantipokhara | 1,11,80,807.32 | भएको | करिब २०% काम भएको |
| 3 | Upgrading of bhairavsthan Bharkot Majhuwa Porakni Hudai Ward Office Road | 80,79,194.37 | भएको | करिब ५% काम भएको |
| 4 | Upgrading of earthen road in ribdikot 04 | 14,99,947.50 | भएको | काम सम्पन्न भएको |
| 5 | Upgrading of Kantipokhara Deurali Santichaur Jogithum Road | 80,05,378.06 | भएको | कम सुरु नभएको |
| 6 | Construction of Kohal Play Ground | 99,93,783.51 | भएको | काम संचालन भइरहेको |
| 7 | Jaleshwor Paretan Prabardhan Ribdikot-05 | 1,82,78,021.48 | नभएको | सम्झौताको चरणमा रहेको |
| 8 | Yogikuti Samudayik Health Post Ribdikot-07 Palpa | 19,96,761.25 | नभएको | सम्झौताको चरणमा रहेको |
| 9 | Purchase and supply of medicine and surgical items. | 12,26,602.53 | नभएको | सम्झौताको चरणमा रहेको |
| 10 | Purchase and supply of ayurvedic medicines | 749999.9 | नभएको | सम्झौताको चरणमा रहेको |
| 11 | Supply of office computerized items and amp installation of centralised e-attendance system | 1765286 | नभएको | सम्झौताको चरणमा रहेको |
| 12 | Purchase and Supply of stationary items. | 795197.84 | नभएको | सम्झौताको चरणमा रहेको |

## योजना तर्फ

प्रमुख प्रशासकीय अधिकृत

सुदिप पौडेल

| | कुल योजना | सम्झौता भएका | सम्पन्न | सम्झौता % |
|---|---|---|---|---|
| १ | | ६ | ० | २८.५७ |
| २ | १९ | १९ | ९ | १००.०० |
| ३ | १६ | ११ | ५ | ६८.७५ |
| ४ | १४ | ११ | ९ | ७८.५७ |
| ५ | २५ | २ | ० | ८.०० |
| ६ | १४ | १४ | ४ | १००.०० |
| ७<br>८ | ४२ | ३२ | १८ | ७६.१९ |

प्रमुख प्रशासकीय अधिकृत

सुदिप पौडेल
सूचना प्रविधि अधिकृत